
OPEN MIC NEPAL
Listen. Verify. Report

अङ्क ५२
असोज ४, २०७२

ओपन माईक नेपालबुलेटिनको बाह्रौँ अङ्कमा स्वागत छ। 'ओपन माईक' भूकम्प प्रभावित जिल्लामा चलेका हल्लाहरु तथा अन्योलपूर्ण सवाललाई एक ठाउँमा ल्याई त्यसभित्रको यथार्थ पत्ता लगाएर मानवीय सहयोगका काम गरिरहेका संघसंस्थाहरु, सञ्चार माध्यम रस्थानीय समूदायलाई सहि सूचना पुऱ्याउनमा केन्द्रित छ। हल्ला फैलिएर क्षति हुन नपाउँदै हल्ला र यथार्थ छुट्याएर सञ्चार माध्यमहरु र भूकम्प पिडितको हितमा काम गर्ने संघसंस्थाहरूलाई उपलब्ध गराउनु हाम्रो ध्येय हो।

# हल्ला



## गोरखा बजार, गोरखा

"विभिन्न संघ संस्थाहरुसँग भूकम्प पिडितहरूको लागि बाँढ्ने सामग्री हुदाँहुदै पनि डिडिआरसीले बाड्न दिएको छैन भन्ने हल्ला छ।"

## काब्रे, दोलखा

"यहाँ राहत वितरण कसरी गर्ने भन्ने कुरा नमिलेर खाद्यान्न कुहिएर गाड्नु परेको छ भन्छन्। हामीलाई खाद्यान्नको समस्या रहेको छ।"

# यथार्थ

संघ संस्थाहरुले चाहे अनुसार नै राहत वितरणको स्वीकृति पाउछन् भन्ने छैन। जिल्ला दैविप्रकोप उद्दार समितिहरूले राहत र पुनरप्राप्ती लगायतका सम्पूर्ण कार्यको समन्वय गरिरहेका छन्। राहत वितरणमा दोहोरोपना आउन नदिन र आवश्यकता र प्राथमिकताका आधारमा मात्र वितरण गर्न जिल्ला दैवि प्रकोप उद्धार समिति गोरखाले राहत वितरणको स्वीकृति दिने प्रक्रियालाई नियन्त्रित गरेको छ।

जिल्ला दैविप्रकोप उद्दार समितिहरूले उद्दार र तात्कालिक राहतको कार्यपछि अहिले भूकम्प पिडितको दिर्घकालिन हित गर्ने गरी पुन्र्प्राप्तीको काम शुरु गरेका छन्।

भूकम्प पिडितलाई पहिलेको अवस्थामा फर्काउन राहत सामग्री वितरणको कार्यमा केहि परिवर्तन गरिएको जिल्ला दैविप्रकोप उद्दार समिति गोरखाले जानकारी दिएको छ।

गोरखा लगायतका जिल्लामा पछिल्लो समय राहत कार्यक्रमलाई दिर्घकालिन हितका कामसँग जोड्न कामका लागि खाद्यान्न, कामका लागि नगद जस्ता कार्यक्रमलाई स्वीकृति दिइएको छ।


अहिले खाद्यान्न र अन्य राहत सामग्री वितरण मात्र गर्नका लागि संघ संस्थाहरूले स्वीकृति माग नगरेको जिल्ला दैवि प्रकोप उद्दार समितिले जनाएको छ।

भूकम्प पछि दोलखामा खाद्य सुरक्षा उपसमितिसँगको समन्वय र जिल्ला दैविप्रकोप उद्दार समितिको स्वीकृतिमा संघ संस्थाले खाद्यान्न वितरण गरिरहेका छन्। वितरणमा ढिलाई भएकोले खाद्यान्न कुहिएर गाड्नु पर्ने अवस्था नभएको खाद्य सुरक्षा उपसमितिका संयोजकले जानकारी दिए।

जिवनाथ पौडेल
गैरसकारी संस्था संयोजक
दैविप्रकोप उद्दार समिति
गोरखा
९८५६०५०५५७

वौवालाल चौधरी
संयोजक
खाद्य सुरक्षा उपसमिति
दोलखा
९८५४०४५०२०

# सवाल



## छतिवन, मकवानपूर

यहाँका वालवालिकामा फेरि पनि भूकम्प आउछ कि भन्ने डर पाइयो। त्यसैले वालवालिकाहरुको पठन पाठनमा समस्या परेको छ।

## कमलामाई, सिन्धुली

वालवालिकालाई स्कूल पठाउन समस्या रहेको छ। त्यसको समाधान गरिदिए हुन्थ्यो।

# जवाफ

डरलाग्दो घटना देखेका वालवालिका डराउनु स्वभाविक भएपनि उनीहरुबाट यस्तो डर त्रास हटाउने प्रयास गर्नुपर्छ।

शिक्षक र अविभावकले वालवालिकामा परेको मनोवैज्ञानिक असरमा ध्यान दिनुपर्छ। उनीहरुमा एक्लै बस्न रुचाउने, आतिने, रिसाउने, उदास हुने, शाविक भन्दा कम वा बढि बोल्ने, खेल्न नमान्ने वा घर बाहिर मात्र खेल्न रुचाउने जस्ता समस्या देखिन सक्छ।

कुनै पनि वालवालिकामा यस्तो संकेत देखिएमा उनीहरु का कुरा सुन्ने, कुरा गर्न चाहन्छन् भने उनीहरु सँग कुरा गर्ने, उनीहरुको आत्म विश्वास बढाउन सहयोग गर्ने तथा खेल्न र अरुसँग घुलमिल जस्ता कार्य गर्नुपर्छ। भूकम्प प्राकृतिक विषय भएकोले भूकम्पबाट बच्ने तरिकाका बारेमा सरल किसिमले छलफल गरेर उनीहरुलाई बुझाउँदा भूकम्पको त्रास कम गर्न सकिन्छ।

अन्तर साँस्कृतिक मनोवैज्ञानिक संस्था नेपाल (TPO Nepal), यातना पिडित केन्द्र नेपाल (CVICT Nepal) लगायतका संघ संस्थाहरुले सिन्धुली र मकवानपूरमा भूकम्प प्रभावित वालवालिकालाई मनोवैज्ञानिक परामर्श दिइरहेका छन्। उनीहरुले बयस्कहरुलाई पनि वालवालिकामा रहेको मानसिक पिडाका संकेत पत्ता लगाउन सामूहिक अनुशिक्षण उपलब्ध गराइरहेका छन्।

बढि मानसिक त्रासमा रहेका वालवालिकालाई मनोवैज्ञानिक परामर्शदाताको सम्पर्कमा लानु राम्रो हुन्छ। TPO Nepal ले सञ्चालन गरेको पैसा नलाग्ने नम्बर १६६००१०२००५ मा फोन गरेर  परामर्शदातासँग सम्पर्क गर्न सकिन्छ।

**अञ्जीता श्रेष्ठ**
मनोवैज्ञानिक परामर्शदाता
TPO Nepal
मकवानपूर
९८४५०३८०२४

**निर्मला शर्मा**
मनोवैज्ञानिक परामर्शदाता
CVICT Nepal
सिन्धुली
९८४४१४७२८८

# सवाल



## घुन्सा, ओखलढुंगा

"गर्भवती महिला र सुत्केरीलाई त्रिपालको चिसोले सुन्निने, टाउको दुख्ने जस्ता समस्या देखिएको छ।"

# जवाफ

गर्भवती र सुत्केरी महिलालाई केहि मात्रामा टाउको दुख्नु र उनीहरूको जीउ सुन्निनु सामान्य कुरा हो।

सामान्यतया शरीरको हर्मोनमा हुने परिवर्तन, पाठेघर ठूलो हुने, गर्भवती महिला र शिशुको पोषणका लागि चाहिने तरल पदार्थ रगतको मात्रामा हुने बृद्धिका कारणले सुन्निएको जस्तो देखिने गर्छ। चिसो जस्ता कारणले सुन्निने वा टाउको दुख्ने समस्या हुँदैन।

यस्तो बेला शरीर पुरै सुन्निन पनि सक्छ तर गोडा र पैतालामा यो समस्या बढि देखिने गर्छ। सुत्केरी भएको केहि हप्ता पछि यो समस्या आफैँ हराएर जान्छ।

गर्भावस्थामा हर्मोनमा हुने परिवर्तन र रगतको मात्रामा हुने बृद्धिले गर्दा टाउको पनि दुख्न सक्छ।

यदि जीउ अत्यधिक मात्रामा सुन्नियो, हात र मुख मा पनि सुन्निएको देखियो, अत्याधिक रुपमा टाउको दखिराख्यो भने गर्भवती र सुत्केरीलाई तत्काल स्वास्थ्य संस्थामा लैजानु पर्छ। गर्भवती भएको अवस्थामा गरिने नियमित जाँचले यो समस्या आउनबाट रोक्न मद्दत गर्ने डाक्टरहरूको सल्लाह छ।

पर्याप्त मात्रामा पानी पिउने, सामान्य शारिरिक अभ्यास गर्ने, सुन्निएको खुट्टा माथितिर फर्काउने, लामो समयसम्म उभि नरहने र बसि पनि नरहने जस्ता उपायबाट सुन्निएको कारणले हुने असजिलो कम गर्न सकिन्छ। पर्याप्त पानी पिउने, स्वस्थ खाना खाने, पर्याप्त मात्रामा सुत्ने, आराम गर्ने र तनावपूर्ण काम नगर्ने जस्ता उपायले टाउकोको दुखाई कम गर्न सकिन्छ।

भूकम्प प्रभावित १४ जिल्लामा सुत्केरी महिलाका लागि अस्थायी आवासको प्रवन्ध गर्ने जस्ता सहयोग गरिरहेका छन्।

**डा. शिलु अधिकारी**
प्रजन स्वास्थ्य विशेषज्ञ
संयुक्त राष्ट्रसंघ
जनसंख्या कोष
९८०१०५६०३३

**ज्ञानबहादुर बस्नेत**
जिल्ला जनस्वास्थ्य अधिकृत
ओखलढुङ्गा
९८५१०७३८७८


# सवाल

## भिमेश्वर, दोलखा

“सरकारले सडक लाइनमा भएको लाई मात्र रु. २ लाख तथा बाँकी ऋण दिन्छ रे । सडकमा जोडिएको जग्गा नभएकोलाई दिइन्न रे भन्ने हल्ला छ ।”

## झरुवारासी, ललितपुर

“ऋण माग्न जाँदा बैकले ऋण दिने निर्देशिका आएकै छैन भन्छ, के गर्नु ?”



# जवाफ

बैक तथा वित्तीय संस्थाले भूकम्प बाट घर गुमाएका र वैकल्पिक बसोबासको व्यवस्था नभएका परिवारलाई घर निर्माणका लागि ऋण दिनुपर्ने व्यवस्था सहितको निर्देशिका नेपाल राष्ट्र बैकले जारी गरिसकेको छ ।

भूकम्प पिडितलाई घर निर्माणका लागि दिइने सहुलियतपूर्ण ऋण दिन बैक तथा वित्तीय संस्थाहरुले आफ्नो बेग्लै  कार्यविधी बनाउन सक्छन् ।

राष्ट्रिय बाणिज्य बैकले भूकम्प पिडितलाई दिने घर कर्जाको बेग्लै कार्यविधि बनाएर आफ्ना शाखाहरुमा पठाइसकेको जानकारी दिएको छ । नेपाल बैक लिमिटेडले ऋण उपलब्ध गराउन बेग्लै कार्यविधि बनाएको छैन तर घर कर्जा उपलब्ध गराउँदा पूरा गर्नुपर्ने कार्यविधिका आधारमा यस्तो ऋण उपलब्ध गराउन सकिने जनाएको छ ।

भूकम्पले घर पूर्ण रुपमा क्षति भएको र बसोबासको विकल्प नभएको भन्ने गाबिस वा नगरपालिकाको सिफारिस, घर निर्माणको लागत, ऋण तिर्न सक्ने क्षमताका आधारमा बैक तथा वित्तीय संस्थाले ऋणको रकम निर्धारण गर्नसक्छन् । सडक नपुगेको ठाउँमा ऋणको रकम कम हुन सक्छ तर ऋण उपलब्ध नगराउन भने बैक तथा वित्तीय संस्थाले पाउँदैनन् ।

स्थानीय निकायबाट नक्सा पास गरी घरको डिजाइन सहित ऋणको लागि निवेदन दिनुपर्छ । भूकम्प प्रतिरोधी घरको डिजाइन र गाबिसहरुमा नक्सा पासको प्रक्रिया तयार भइनसकेका हुनाले  ऋणका प्रक्रिया शुरु हुन केहि समय लाग्न सक्छ ।

सरकारले घर बनाउनका लागि उपलब्ध गराउने रु. २ लाख घर पूर्ण क्षति भएका भूकम्प पिडितले समान रुपमा पाउँछन् ।

**कृष्ण श्रेष्ठ**
कर्जा शाखा
नेपाल बैक लिमिटेड
केन्द्रीय कार्यालय
०१-४२३९८८८ एक्टेन्सन : २४१

**रमेश कुमार पोख्रेल**
कर्जा शाखा
राष्ट्रिय बाणिज्य बैक
केन्द्रीय कार्यालय
०१-४२५२५९५ एक्सटेन्सन: ३७६६

OPEN MIC NEPAL
Listen. Verify. Report

अङ्क ५२
असोज ४, २०७२

# सवाल



## प्राप्चा, ओखलढुंगा

आंशिक क्षति भएकाले रु. २५ हजार पाउने सुनिएको छ तर कहिले पाउने भन्ने जानकारी छैन ।

## टोखा, काठमाडौँ

भूकम्पका कारण घर आंशिक रुपमा क्षति भएकाले अझसम्म राहत पाउने आसमा कुरिरहेका छन् ।

## कमलामाई, सिन्धुली

आंशिक क्षतिलाई रु. २५ हजार भन्ने सुनेकोमा नपाएको गुनासो ।

# जवाफ

नेपाल सरकार मन्त्रीपरिषद्को २०७२ बैशाख १७ गतेको निर्णय अनुसार घर आंशिक रुपमा क्षती भई मर्मत संभार गरेर बस्न मिल्ने भएमा मर्मतका लागि सम्बन्धित घरधनीलाई रु. २५ हजार सहयोग उपलव्ध गराउने उल्लेख गरिएको छ ।

रु. २५ हजार प्राप्त गर्नका लागि आंशिक क्षति उल्लेख भएको भूकम्प पिडित परिचय पाएको हुनुपर्छ ।

आंशिक क्षति उल्लेख भएको परिचय पत्र सहित जिल्ला दैवि प्रकोप उद्दार समिति समक्ष उक्त सहयोगका लागि निवेदन दिनुपर्छ ।

**एक नारायण अर्याल**
प्रमुख जिल्ला अधिकारी
काठमाडौं
९८५१२०७७७७

**यादव सुवेदी**
प्रमुख जिल्ला अधिकारी
ओखलढुङ्गा
९८५२८७७७७७

यो अङ्कमा समेटिएका सवाल जिल्लामा रहेका स्वयं सेवकहरू र जिल्लामा कार्यरत विभिन्न संघसंस्थाका प्रतिनिधीबाट प्राप्त भएका हुन् । भाद्र २४ देखि ३१ गतेसम्म स्वयं सेवकहरूले १४ जिल्लाका करिब ३६० जना स्थानीयबासीसँग कुराकानी गरी तयार पारेका टिप्पणीहरू यो बुलेटिनको सूचनाका प्रमुख स्रोत हुन् । विषयको महत्व र सान्दर्भिकतालाई ध्यान दिएर हल्ला तथा सवालहरू छनोट गरिएका छन् ।

OPEN MIC NEPAL प्रस्तुत गर्ने संस्थाहरू

accountabilitylab | Local Interventions Group data-driven development | Internews